# साना उद्योग प्रतिष्ठान सर्वेक्षण २०६५
(सूचीकरण कार्य)

# निर्देशिका

नेपाल सरकार
राष्ट्रिय योजना आयोगको सचिवालय
**केन्द्रीय तथ्याङ्क विभाग**
रामशाहपथ, काठमाडौं
२०६५

# साना उद्योग प्रतिष्ठान सर्वेक्षण २०६५

## पृष्ठभूमि

राष्ट्रको चौतर्फी विकासको लागि आवश्यक पर्ने आर्थिक तथ्याङ्कका विभिन्न क्षेत्रहरूमध्ये औद्योगिक तथ्याङ्क क्षेत्र पनि एक महत्वपूर्ण क्षेत्र हो । राष्ट्रले औद्योगिक क्षेत्रको विकास र विस्तारमा लगानी, संरक्षण, सम्बर्द्धन एवं नीति तर्जूमा, कार्यान्यिन, मूल्याङ्कन र समसामयिक नीति विष्लेषणका लागि साथसाथै समय समयमा राष्ट्रको विकासमा औद्योगिक क्षेत्रले पुऱ्याएको योगदानको अध्ययन र बृहत समिक्षा गर्नको लागि केन्द्रीय तथ्याङ्क विभाग मार्फत औद्योगिक गणना गर्दै आईरहेको छ । औद्योगिक गणनामा १० वा १० भन्दा बढि ब्यक्तिहरु उत्पादन कार्यमा संलग्न रहेका उद्योग प्रष्तिठानहरुलाई समावेश गरिन्छ । हालै औद्योगिक गणना २०६४ सम्पन्न भैसकेको छ ,यसै गरि साना उद्योग सर्वेक्षणमा ९ वा ९ भन्दा कम ब्यक्तिहरु संलग्न रहि उत्पादन कार्य गर्ने उद्योग प्रतिष्ठानहरु लाई समावेश गरिन्छ ।

के. त. बि. बाट बि. स. २०२९ साल देखि लगभग प्रत्येक पाँच/पाँच वर्षको अन्तरमा साना उद्यौग सर्वेक्षण कार्य सम्पन्न हुदै आइरहेको छ । पछिल्लोपटक वि.स. २०५७ सालमा साना उद्योग सर्वेक्षण सम्पन्न गरिएको थियो । यसै अभिप्रायले आ.ब. ०६६/०६७ सालमा साना उद्योग सर्वेक्षण गर्ने कार्यक्रम निर्धारण गरिएको छ । यस सर्वेक्षणको लागि आबश्यक पर्ने साना उद्योग प्रतिष्ठानहरुको सूचिकरण कार्य यस आ.ब.मा सम्पन्न गर्ने कार्यक्रम छ । यसै सूचिकरणलाई आधार मानेर छनौट विधीबाट सर्वेक्षण कार्य गरिने छ ।

यो निर्देशिका साना उद्योग सर्वेक्षण अन्तर्गत सूचीकरण कार्यमा संलग्न गणक/सुपरभाइजर एवं उद्यमीहरू सबैको लागि स्तरिय तथ्याङ्क सङ्कलन गर्न गराउन सूचीकरण फाराममा उल्लेख गरिएका प्राविधिक र सैद्धान्तिक कुराहरूलाई भरसक स्पष्ट पार्ने उद्देश्यस्वरूप आधारभूत पथप्रदर्शकको रूपमा तयार गरिएको छ ।

## उद्योग प्रतिष्ठानको परिभाषा

**"उद्योग प्रतिष्ठान"** भन्नाले एउटै प्रशासनिक नियन्त्रणमा कुनै निश्चित स्थानमा रहि उत्पादन कार्य गर्ने आर्थिक एकाई लाई बुझाउदछ । यहाँ "उत्पादन कार्य" भन्नाले निर्जिव वा जैविक वस्तुलाई यान्त्रिक वा रसायनिक वा अन्य कुनै प्रक्रियाद्धारा रूपान्तर गरी नयाँ वस्तुमा परिणत गर्ने कार्यलाई बुझाउँछ । यसै गरि यहाँ **साना उद्योग प्रतिष्ठानः** भन्नाले कम्तिमा एक र बढीमा नौ जना ब्यक्तिहरु ( तलवी वा वेतलवी ) संलग्न रही चालु अवस्थामा रहेका उद्योग प्रतिष्ठानहरू पर्दछन् । यस्तो उद्योग प्रतिष्ठानहरूमा तलवी कामदार प्रयोग नगरी आफ्नै परिवारका सदस्यहरू वा अन्य व्यक्तिहरूको सहभागितामा घरपरिवारभित्र वा बाहिर उद्योग सञ्चालन भएको पनि हुन सक्दछ । त्यस किसिमका उद्योगहरूलाई पनि साना उद्योग मानि तथ्याङ्क सङ्कलन गर्नुपर्दछ । प्रतिष्ठानको सूचीकरण गर्ने कममा उद्योगमा कम्तिमा एक र बढीमा नौ जना ब्यक्तिहरु संलग्न भएका चालु अवस्थामा रहेका उत्पादन कार्य गर्ने उद्योग प्रतिष्ठानहरूको सूची तयार गरिन्छ ।

यसप्रकारका उद्योगहरुको सूचीकरण गर्दा यस्ता उद्योगप्रतिष्ठानहरु कुनै न कुनै सरकारी निकायमा जस्तैः:- उद्योग विभाग, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय/समिती, स्थानिय निकाय (जि .बि.स./न. पा./ गा.बि.स.) हरुमा दर्ताभएको हुनु पर्नेछ ।

**साना उद्योग प्रतिष्ठान पहिचान गर्ने प्रक्रिया एवं तरिका**

नेपाल भित्र प्राय सबै जिल्लाहरूमा साना उद्योगहरूको लगतसूची तयार गर्ने काम त्यति सजिलो छैन त्यसमाथि पनि साना उद्योगहरूको लगतसूची तयार गर्ने काम अझ कठिन छ । देशमा साना उद्योगहरू धेरै नै छरिएर रहेको हुँदा ति उद्योगहरूको लगतसूची तयार गर्ने काममा विशेष चनाखो हुनुपर्ने देखिन्छ । तसर्थ प्रस्तावित परिभाषाभित्र पर्ने साना उद्योग प्रतिष्ठानहरू लगतसुचीमा नछुटुन् र नदोहोरिउन् भन्ने अभिप्रायले तथ्याङ्क सङ्कलनको लागि खटिने कर्मचारीहरूले निम्नानुसार सङ्कलन कार्य गर्नुपर्दछ ।

- ❖ नगरपालिका क्षेत्रमा प्रत्येक वडा क्षेत्रमा गै फाराम भर्ने ।
- ❖ नगरपालिकासँग जोडिएका र उद्योग प्रतिष्ठानहरू सञ्चालन हुने बढी सम्भावना भएका गा.वि.स.हरू को प्रत्येक वडा क्षेत्रमा गै फाराम भर्ने ।
- ❖ तराईका गा.वि.स.हरूमा प्रत्येक गा.वि.स.मा पुगि प्रतेक वडा, टोल हरुमा गै फाराम भर्ने ।
- ❖ पहाडी एवं हिमाली जिल्लाहरूमा जिल्ला सदरमुकाम रहेको क्षेत्रमा गा. बि. स. को प्रत्येक वडा क्षेत्रमा गै फाराम भर्ने ।
- ❖ पहाडी एवं हिमाली जिल्लाहरूमा प्रत्येक गा.वि.स.मा पुग्न निकै खर्चिलो एवं समयसमेत धेरै लाग्ने र बस्ती पनि साना एवं प्रतिष्ठानहरूको संख्या पनि कम हुनेहुँदा सदरमुकामबाट नै उक्त उद्योग प्रतिष्ठानहरूको जानकारी निम्नानुसार लिन सकिन्छ ।

**क.** समय समयमा सम्पन्न हुने जि.वि.स. बैठकमा उपस्थित सदस्यहरूबाट पनि जानकारी लिने ।

**ख**. गा.वि.स. का भूतपूर्व अध्यक्ष/उपाध्यक्ष सदरमुकाम आएको बेला भेटी जानकारी लिने ।

**ग**. विद्यालय शिक्षक एवं हेल्थपोष्ट इन्चार्जहरू तलब लिन सदरमुकाम आएको बेला जानकारी लिने ।

**घ.** घरेलु तथा साना उद्योग कार्यालय, समिति, कृषि विकास बैंक, अन्य जिल्लास्थित विभिन्न कार्यालयबाट पनि जानकारी लिने ।

**ङ.** उद्योग वणिज्य संघहरुमा सम्पर्क राखि जानकारी लिने ।

**ङ**. गा.वि.स.अन्तर्गत रहेका हुलाक कर्मचारीहरूसँग सोधि जानकारी लिने ।

उपरोक्तअनुसारको व्यवस्था तराईका जिल्लाहरूमा पनि सम्भव भएसम्म लागू गरी कम खर्चिलो तरिकाले कम समयमै लगतसूची तयार गर्नेतर्फ ध्यान दिनु जरूरी हुन्छ ।

**द्रष्टव्यः** जुनसुकै गा.वि.स.मा गई सरोकारवालाहरूसँग विवरणहरू सोध्दा यथासम्भव उद्योगहरू सम्बन्धी उदाहरणहरू दिई बढीभन्दा बढी विवरणहरू प्राप्त गर्ने प्रयास गर्नुपर्दछ ।

***लगतसूची फारम भर्दा ध्यान दिनु पर्ने कुराहरू***

**उद्योग प्रतिष्ठानको नाम**

उद्योग प्रतिष्ठानको नाम लेख्दा रजिष्टर्ड गर्दा लेखिएको नाम लेख्नुपर्दछ ।

**उद्यमी/प्रोप्राइटरको नाम**

उद्योग प्रतिष्ठानको लगानी कर्ता वा सञ्चालक वा मालिक नै उद्यमी/प्रोप्राइटर हो । उद्योग साझेदारीमा वा कम्पनीमा दर्ता गरी सञ्चालन गरेको खण्डमा लगानीकर्ताहरूले निजहरूमध्ये कसलाई कानूनीरूपमा होस् वा सर्वसम्मतरूपले होस् प्रमुख व्यक्ति वा सञ्चालकमा चयन/छानेका/तोकका छन् सोही व्यक्तिलाई नै उद्यमी/प्रोप्राइटरको दर्जा दिईएको हुन्छ सोही व्यक्तिलाई नै यस महलमा बुझिने गरी प्रष्टसँग उल्लेख गर्नुपर्दछ ।

**जिल्ला**

गणनाअन्तर्गत पर्ने उद्योग प्रतिष्ठान कुन जिल्लामा अवस्थित छ सोही जिल्लाको नाम उल्लेख गर्नुपर्दछ । यस महलमा उद्यमीलाई सम्पर्क गर्ने वा उद्यमी बस्ने स्थायी ठेगानाको जिल्ला उल्लेख गर्नुहुँदैन ।

**न.पा./गा.वि.स.**

यस महलमा उद्योग प्रतिष्ठान सञ्चालन भएको वा भइरहेको नगरपालिका भए नगरपालिकाको र गाउँ विकास समिति भए गाउँ विकास समितिको नाम स्पष्टसँग लेख्नुपर्दछ ।

**वार्ड नं.**

उद्योग प्रतिष्ठान जुन वार्डमा सञ्चालन भईरहेको छ सोही वार्ड नं. यस महलमा उल्लेख गर्नुपर्दछ ।

**गाउँ/टोल**

यस महलमा जुन गाउँ/टोलमा सूचिमा पर्ने उद्योग प्रतिष्ठानहरू अवस्थित छन् सो गाउँ/टोलको नाम प्रष्टसँग बुझिने गरी लेख्नुपर्दछ । यसरी गाउँ/टोलको नाम प्रष्टसँग उल्लेख नगरेको खण्डमा पछि उद्योग प्रतिष्ठान सजिलैसँग पहिचान गर्न गाह्रो हुन्छ तसर्थ विस्तृत रूपमा सम्भव भए ब्लक नम्बरसमेत उल्लेख गरेको खण्डमा अति उत्तम हुनजाने देखिन्छ ।

**टेलिफोन / मोवाईल नं.**

यस महलमा उद्योग प्रतिष्ठानले प्रयोग गरिराखेको टेलिफोन नं. र सम्पर्क व्यक्तिको मोवाईल नं. लेख्नुपर्दछ ।

**कामदार संख्या**

यस शिर्षकअन्तर्गत उद्योग प्रतिष्ठानमा (भित्र वा बाहिर) पारिश्रमिक/तलव/ज्याला लिने वा नलिने जुनसुकै प्रकृतिको काम जस्तै उत्पादनशिल, प्रशासकिय, प्राविधिक, आदिमा संलग्न पुरुष तथा महिला कामदारहरूको संख्यालाई (स्वदेशी वा विदेशी) एकमुष्ठ रूपमा लिनुपर्दछ । कामदार भन्नाले उद्योगपति, सक्रिय साझेदार, परिवारको सदस्य वा अन्य जुनसुकै व्यक्तिलाई जनाउँदछ ।

**तलबी कामदार संख्या**

उद्योग प्रतिष्ठानमा काम गरेवापत नियमानुसार नगदी, जिन्सी वा अन्य सुविधा चाहे मासिक वा साप्ताहिक वा दैनिकमा होस् कुनै न कुनै तबरले तलव/ज्याला पाउने कामदारहरूको संख्यालाई यस महलमा उल्लेख गर्नुपर्दछ।

**उत्पादनकार्यमा संलग्न व्यक्तिहरुको संख्या**

उद्योग प्रतिष्ठानको काममा परोक्षरूपले कुनैपनि प्रकारको पारिश्रमिक नलिई कुनैपनि तबरले हप्ताको कम्तिमा १६ घण्टा (साधारण काम गरिने समयको एक तिहाई) र बढीमा जतिसुकै समय व्यतित् गर्ने गरी उद्यमी तथा साझेदार स्वयं वा निजहरूका परिवारका सदस्य संलग्न भएका रहेछन् भने तिनिहरूको संख्यालाई यस महलमा समावेश गर्नुपर्दछ । उत्पादन कार्यमा संलग्न व्यक्तिहरुको संख्या उल्लेख गर्दा गणनाको दिनमा उपस्थित व्यक्तिहरुको संख्या उल्लेख गर्नु पर्दछ। तर उक्त दिन बिदामा बसेका व्यक्तिहरुलाई पनि समावेश गर्नु पर्दछ।

यस महलमा उद्योग प्रतिष्ठानमा कुल कति कामदार छन् ( तलवी र वेतलवी ) जम्मा गरी उल्लेख गर्नुपर्दछ

**प्रमुख उत्पादन**

उद्योग प्रतिठानले उत्पादन गर्ने वस्तुहरू एक वा सोभन्दा बढी हुन सक्दछन्। यस्तो अवस्थामा एउटा मात्र वस्तु उत्पादन गर्ने उद्योग भए सो वस्तुको नाम र एकभन्दा बढी वस्तु उत्पादन गर्ने उद्योगको हकमा सो उद्योगले उत्पादन गर्ने वस्तुहरूमध्ये जुन वस्तुको कुल मोल उत्पादित अरू वस्तुभन्दा बढी हुन जान्छ त्यस वस्तुलाई नै प्रमुख उत्पादित वस्तु मानी यस महलमा उल्लेख गर्नुपर्दछ । उद्योगप्रतिष्ठानले उत्पादन गर्ने प्रमुख उत्पादन उल्लेख गर्दा त्यस उतपादनले उद्योग प्रतिष्ठानले गर्ने प्रमुख औद्योगिक क्रियाकलाप के हो प्रष्ट बुझिने हुनु पर्दछ।

**NSIC**

यहा NSIC विभगिय प्रयोगको लागि राखिएका हो । यस महल प्रमुख उत्पादनको आधारमा NSIC कोड राख्ने काम विभागमा गरिने हुदा यो महलमा केहि लेख्नु पर्दैन ।

**कैफियत**

छानिएका क्षेत्रहरूमा सम्बन्धित उद्योग प्रतिष्ठानहरूको सूचीकरण कार्य गर्दा कुनै महलमा केही असजिलो एवं थप पुष्ट्याई गर्नुपरेको खण्डमा यस महलमा उल्लेख गर्नुपर्दछ ताकि उद्योग प्रतिष्ठान छनोट र क्षेत्रिय कार्यमा एवं यससँग सम्बन्धित अध्ययन अनुसन्धान गर्दा सहजताको महसुस गर्न सकियोस्।